## विजयनगर गाउँपालिकाको दोस्रो गाँउसभाको नवौँ (वर्षे) अधिवेशनको प्रथम बैठक

मिति:- २०८३।०३।०९

मिति २०८३।०३।०९ गते बसेको दोस्रो गाउँसभाको नवौँ (वर्षे) अधिवेशनको प्रथम बैठकका लागि स्वीकृत तपसिल बमोजिमको कार्यसूची उपर आवश्यक छलफल भई देहायानुसार गर्ने निर्णय गरियो।

**तपसिल:-**

**बैठक संख्या:-** १

**मिति:-** २०८३ आषाढ ९ गते, मंगलबार

**बैठक स्थान:-** विजयनगर गाउँपालिकाको सभाहल, खडैंचा

**समय:-** दिनको २:०० बजे

**पहिलो सत्र**

| क्र.सं. | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | सभाका सदस्यद्धारा शुभकामना मन्तव्य | श्री | |
| २ | शुन्य समय/विषेश समय | श्री | इच्छुक सभा सदस्य |
| ३ | आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत | श्री गोपाल बहादुर थापा मगर (गाउँसभा अध्यक्ष) | |

**दोस्रो सत्र**

| | | | |
|---|---|---|---|
| १ | न्यायिक समितिको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन पेश | श्री लक्ष्मी कुमारी चौधरी (न्यायिक समिति संयोजक तथा गाउँसभा उपाध्यक्ष) | |
| २ | आ. व. २०८३/०८४ को आय र व्ययको विवरण सहितको विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ सभा समक्ष पेश। | श्री लक्ष्मी कुमारी चौधरी (गाउँसभा उपाध्यक्ष) | |
| ३ | समापन मन्तव्य सहित दोस्रो गाउँसभाको नवौं अधिवेशनको पहिलो बैठक समापन र आगामी दोस्रो बैठक आह्वान | श्री गोपाल बहादुर थापा मगर (गाउँसभा अध्यक्ष) | |

**निर्णय नं. १- -** यस विजयनगर गाउँपालिका गाउँ कार्यपालिका सदस्य एवं गाउँसभा सदस्य स्व. श्री बलिमाया कमिनिज्यूको मिति २०८३।०२।०६ गते भएको असामयिक निधनले सिंगो गाउँसभा परिवार अत्यन्त मर्माहत र स्तब्ध भएका छौँ। उहाँको निधनबाट गाउँपालिकाले एक असल, लगनशील र जिम्मेवार अभिभावक गुमाएको अनुभूति गरेका छौँ। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। उहाँले यस गाउँपालिकाको हित, विकास र समृद्धिको यात्रामा पुऱ्याउनुभएको योगदानको उच्च कदर गर्दै उहाँको सम्मानमा गाउँसभाको यस बैठकमा एक मिनेट मौन धारण गर्दै शोक प्रस्ताव सर्वसम्मतिले पारित गर्दछ।

**निर्णय नं.** २- सभाध्यक्ष श्री गोपाल बहादुर थापा मगरज्यूले सभाको बैठकलाई कार्यसूची नं. १ मा प्रवेश गराउँदै ईच्छुक गाउँसभा सदस्यहरुलाई शुभकामना मन्तव्यका लागि आह्वान गर्नुभए बमोजिम गाउँसभा सदस्यहरु श्री दिनेश कुमार चौधरी, श्री अनवर मोहम्मद मुसलमान र श्री टंक वहादुर सुनारले गाउँसभा बैठकको सफलताको कामना सहित शुभकामना मन्तव्य राख्नुभयो।

**निर्णय नं.** २- विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३।०३।०८ गतेको २०औँ बैठकबाट स्वीकृत विजयगनर गाउँपालिकाको आगामि आ.व. २०८३/०८४ को **वार्षिक नीति तथा कार्यक्रम** सभा समक्ष पेश।

**निर्णय नं.** ३- मिति २०८३ आषाढ ०८ गतेसम्म न्यायिक समितिबाट सम्पादित कार्यहरुको विवरण सहितको आ.व. २०८२/०८३ को न्यायिक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष पेश ।

**निर्णय नं.** ४- मिति २०८३।०२।२२ गते बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकबाट राजश्वका श्रोत, दायरा तथा दर समेतको विश्लेषण सहित प्रस्ताव भए बमोजिम **बजेट तथा कार्यक्रम तर्जुमा** समितिबाट तयार भई मिति २०८३।०३।०४ गतेको १७औँ गाउँ कार्यपालिका बैठकबाट गाउँसभामा पेश गर्ने गरी स्वीकृत आ.व. २०८३/०८४ को लागि राजश्वको श्रोत, दायरा तथा दर सहितको **आर्थिक विधेयक**, २०८३ सभा समक्ष पेश ।

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत



गोपाल बहादुर थापा मगर
अध्यक्ष

आ.व.२०८२।८३

## विजयनगर गाउँपालिकाको दोस्रो गाँउसभाको नवौं (वर्षे) अधिवेशनको प्रथम बैठक

मितिः- २०८३।०३।०९

**निर्णय नं. ५-** श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारित सीमा एवं बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनमा रहि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भई मिति २०८३।०३।०८ गतेको २०औं कार्यपालिका बैठकबाट गाउँसभामा पेश गर्ने गरी स्वीकृत तपसिल बमोजिमको श्रोतगत एवं शिर्षकगत आय तथा व्यय (कूल रु. ६८,११,७८, ६००।–) सहितको **विनियोजन विधेयक**, २०८३ सभा समक्ष पेश ।

**तपसिलः-**

| क्र.सं. | आम्दानी रु. | | खर्च रु. | |
|---|---|---|---|---|
| १ | | | | |
| १.१ | संघीय समानिकरण | १२००००००० | चालु खर्च | २२४५३७००० |
| १.२ | संघ राजश्व बाँडफाँट | १२६९६४००० | पूँजीगत खर्च | १३५६१६६०० |
| १.३ | प्रदेश समानिकरण | ८१०१००० | जम्मा | ३६०१५३६०० |
| १.४ | प्रदेश राजश्व बाँडफाँट | १२६०७००० | | |
| १.५ | स्थानीय राजश्व बाँडफाँट | ३००००००० | क्षेत्रगत व्यय गा पा तर्फ | |
| १.६ | आन्तरिक स्रोत अ ल्या समेत | ६२६३१६०० | आर्थिक विकास | ८७७५०००० |
| | जम्मा | ३६१६५३६०० | सामाजिक विकास | २१३९७००० |
| | | | पूर्वाधार विकास | १४७०१६६०० |
| | | | वन, वातावरण तथा विपद व्यवस्थापन | १३१५०००० |
| | | | सुशासन तथा संस्थागत विकास | ९०८४०००० |
| २ | | | जम्मा | ३६०१५३६०० |
| २.१ | संघीय सशर्त चालु | २६१३००००० | संघीय सशर्त चालु | २६१३००००० |
| २.२ | संघीय सशर्त पूँजीगत | १०६००००० | संघीय सशर्त पूँजीगत | १०६००००० |
| २.३ | संघीय समपुरक | १९५२५००० | संघीय समपुरक | १९५२५००० |
| २.४ | संघीय विशेष | १०५००००० | संघीय विशेष | १०५००००० |
| २.५ | प्रदेश सशर्त चालु | १५००००० | प्रदेश सशर्त चालु | १५००००० |
| २.६ | प्रदेश सशर्त पूँजीगत | ६५००००० | प्रदेश सशर्त पूँजीगत | ६५००००० |
| २.७ | प्रदेश समपुरक | ७५००००० | प्रदेश समपुरक | ७५००००० |
| २.८ | प्रदेश विशेष | २१००००० | प्रदेश विशेष | २१००००० |
| जम्मा | | ३१९५२५००० | जम्मा | ३१९५२५००० |
| जम्मा आम्दानी (आय) | | ६८११७८६०० | जम्मा खर्च (व्यय) | ६८११७८६०० |

**निर्णय नं. ६-** उल्लिखित कार्यसूचीमा समावेश भई गाउँसभाको आजको बैठकमा पेश भएका प्रस्तावहरुलाई निर्णयार्थ पेश गर्ने कार्यसूची सहितको विजयनगर गाउँपालिकाको दोस्रो गाउँसभाको नवौं (वर्षे) अधिवेशनको दोस्रो बैठक आगामि मिति २०८३।०३।१६ गते मङ्गलबार, दिनको ३:०० बजे गाउँपालिका सभाहल खडैंचामा बस्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर,
अध्यक्ष
विजयनगर गाउँपालिका